# सञ्चार माध्यममा प्रकाशित बालबालिका सम्बन्धी विभिन्न घटनाहरुको वार्षिक स्थिति विश्लेषण

## आ. व. २०७५/७६


नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

**राष्ट्रिय बाल अधिकार परिषद्**

श्रीमहल, पुल्चोक, ललितपुर

०१-५५५०१२१/१२४/५५५०१४७/५५३९२११

Website:-www.ncrc.gov.np

E-Portal:-www.childrights.gov.np

Email:–contact@ncrc.gov.np

## पृष्ठभूमि

केन्द्रीय बाल कल्याण समितिले आ.व. २०७२/७३ देखि विभिन्न सञ्चार माध्यमबाट प्रकाशनमा आएका बालसंरक्षण सम्बन्धी विभिन्न घटनालाई विश्लेषण गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ । सूचना तथा प्रविधिमा सर्वसाधारणको पहुँचसँगै बालअधिकार हननका घटनाहरुलाई सञ्चार माध्यमले प्राथमिकता साथ प्रकाशन गर्नुलाई समितिले स्वागत र प्रशंसा गरेको छ । भौगोलिक विकटता र सामाजिक परिवेशका कारण अझै पनि कतिपय घटनाहरु प्रकाशनमा आउन सकेका छैनन् । बालबालिकाको विषय धेरै पक्षहरुसँग गाँसिने भएकाले घर परिवारदेखि संघ संस्था एवम् सरकारी निकाय लगायत सिंगो समाज अझ बढी संवेदनशील र सजग हुन आवश्यक छ । केन्द्रीय तथा जिल्ला बाल कल्याण समितिको जानकारीमा आएका र विभिन्न सञ्चार माध्यमबाट प्रकाशनमा आएका खासगरी बाल संरक्षणसँग सम्बन्धित आ.व. २०७५/७६ का घटनाहरुलाई समेटेर यो जानकारी पत्र तयार पारिएको छ । प्रकाशनमा आएका यी घटनाहरुले नेपालमा बालबालिका विरुद्धको हिंसा, दुर्व्यवहार, शोषण लगायतको बालअधिकारको अवस्थालाई प्रस्तुत गरेको छ । तर बालबालिका विरुद्ध भएका घटनाहरु यतिमात्र हुन भन्ने निष्कर्ष चाँही यो होइन । यस पत्रमा विश्लेषण गर्न समेटिएका विषयहरु बाल श्रम, बलात्कार, मृत्यू, बाल विवाह, हत्या, बालबालिकाको बेचविखन तथा ओसार पसार, कुषोषण, गर्भपतन, आत्महत्या, अपहरण, बालबालिकामाथि हुने शारीरिक तथा मानसिक सजाय लगायतका घटनाहरु रहेका छन् ।

बालबालिका सम्बन्धी कुनै पनि घटनाहरु सञ्चार माध्यम लगायत अन्य जानकारीमा आएको अवस्थामा केन्द्रीय बाल कल्याण समितिले तत्काल सम्बोधन गर्ने प्रयत्न गर्नुका साथै यस्ता बालबालिकाको संरक्षणका लागि सहयोग, सहजीकरण गर्दै आएको छ । यस जानकारी पत्रमा समावेश भएका घटनाहरु विभिन्न पत्रपत्रिकामा प्रकाशनमा आएका घटनाहरु मात्रै भएकाले यी

नै सम्पूर्ण भने होइनन्, तथापि यसमा गरिएको विश्लेषणले केही हदसम्म भएपनि नेपालमा बाल संरक्षण सम्बन्धी घटनाहरुको स्वरुप आँकलन गर्न सहयोग पुग्नेछ र सोही बमोजिम सम्वन्धित निकाय तथा संस्थालाई कार्यक्रम सञ्चालन गर्न थप उत्प्रेरित गर्नेछ ।

## बालबालिका विरुद्ध घटेका घटनाहरु

विगतमा भन्दा यस आर्थिक वर्ष २०७५/७६ मा विभिन्न सञ्चार माध्यमबाट प्रकाशित बालबालिका सम्बन्धी घटनाहरुको संख्यामा वृद्धि हुँदै गएको देखिएको छ । यस आ.व.को तीनटै चौमासिकमा प्रकाशनमा आएका घटनालाई संकलन गरी तयार पारिएको यो वार्षिक पत्रमा बालअधिकार हनन्का ६५४ वटा घटनाहरुलाई यस पत्रमा विश्लेषण गरिएको छ । उक्त ६५४ वटा घटनाहरुमा १ हजार ८० जना बालबालिका प्रभावित भएका छन् । सबैभन्दा बढी यस आ.व.को अन्तिम चौमासिकमा २८८ वटा घटनाहरुबाट ४८५ जना बालबालिका पीडित तथा प्रभावति भएका छन् ।

| चौमासिक | घटना संख्या | प्रभावित बालबालिका |
|---|---|---|
| पहिलो | २०४ | ३१५ |
| दोस्रो | १६२ | २८० |
| तेस्रो | २८८ | ४८५ |
| **जम्मा** | **६५४** | **१०८०** |

पहिलो चौमासिकमा २०४ वटा घटनाहरुमा ३१५ जना बालबालिका, दोस्रो चौमासिकमा १६२ वटा घटनामा २८० बालबालिका पीडित भएका छन् । प्रभावित १ हजार ८० जना पीडित बालबालिका मध्ये ४४१ जना (४१ प्रतिशत) बालक, ६१८ जना (५७ प्रतिशत) बालिका र २१ जना (४ प्रतिशत) शिशु रहेका छन् ।

# वार्षिक घटना विवरण

यस अवधिमा ६५४ घटनाहरुबाट प्रभावित १ हजार ८० जना बालबालिकालाई विभिन्न एघार वटा घटना समूहमा वर्गीकरण गरिएको छ । जस अन्तर्गत बाल श्रम, बलात्कार, मृत्यू, बाल विवाह, हत्या, बेचबिखन तथा ओसार पसार, कुपोषण, गर्भपतन, आत्महत्या, अपहरण र शारीरिक सजाय रहेका छन् ।




यस आ.व. २०७४/७५ मा तुलनात्मक रुपमा सबैभन्दा धेरै बाल यौन दुर्व्यवहार तथा बलात्कार घटना घटेका छन् । जसमा २५२ जना (२३ प्रतिशत) बालबालिका पीडित भएका छन् भने मृत्यू २४१ (२२ प्रतिशत), बाल विवाह १९६ (१८ प्रतिशत), बाल श्रम ११२ (१० प्रतिशत), बेचबिखन तथा ओसार पसार ९६ (९ प्रतिशत), हत्या ६५ (६ प्रतिशत) कुपोषण ३८ (४ प्रतिशत), शारीरिक सजाय ३७ (४ प्रतिशत), आत्महत्या २७ (३ प्रतिशत), अपहरण १२ (२ प्रतिशत) र गर्भपतन ४ जना (१ प्रतिशत) रहेका छन् ।

| घटनाहरू | प्रथम चौमासिक | | | | दोस्रो चोमासिक | | | | तेस्रो चौमासिक | | | | कूल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | शिशु | जम्मा | बालक | बालिका | शिशु | जम्मा | बालक | बालिका | शिशु | जम्मा | |
| बलात्कार | १ | ९७ | ० | ९८ | ९ | ६३ | ० | ७२ | ८ | ७४ | ० | ८२ | २५२ |
| मृत्यु | ४१ | ४१ | १ | ८३ | २२ | २२ | १ | ४५ | ७१ | ३७ | ५ | ११३ | २४१ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बालविवाह | १० | ४६ | ० | ५६ | २३ | ४९ | ० | ७२ | २६ | ४२ | ० | ६८ | १९६ |
| बालश्रम | १४ | ६ | ० | २० | ४५ | १३ | ० | ५८ | ३२ | २ | ० | ३४ | ११२ |
| ओसार पसार | ६ | ११ | ० | १७ | १ | १ | ० | २ | ५२ | २५ | ० | ७७ | ९६ |
| हत्या | ११ | ९ | ४ | २४ | ५ | ७ | ६ | १८ | ९ | १० | ४ | २३ | ६५ |
| कुपोषण | ० | ० | ० | ० | ० | ० | ० | ० | १६ | २२ | ० | ३८ | ३८ |
| शारीरिकसजाय | ४ | ० | ० | ४ | ६ | १ | ० | ७ | १३ | १३ | ० | २६ | ३७ |
| आत्महत्या | २ | ५ | ० | ७ | १ | २ | ० | ३ | ३ | १४ | ० | १७ | २७ |
| अपहरण | ५ | १ | ० | ६ | २ | १ | ० | ३ | ३ | ० | ० | ३ | १२ |
| गर्भपतन | ० | ० | ० | | ० | ० | ० | ० | ० | ४ | ० | ४ | ४ |
| जम्मा | ९४ | २१६ | ५ | ३१५ | ११४ | १५९ | ७ | २८० | २३३ | २४३ | ९ | ४८५ | १०८० |

## वार्षिक घटना विवरणहरुको चौमासिक विभाजन

### (क) बाल यौन दुर्व्यवहार र बलात्कार

यस आर्थिक वर्षमा विभिन्न सञ्चार माध्यममा २५२ जना बालबालिका बाल यौन दुर्व्यवहार र बलात्कारमा परेका घटनाहरु प्रकाशनमा आएका छन् । आर्थिक वर्षको तीनवटा चौमासिकलाई तुलना गर्दा सबैभन्दा बढी पहिलो चौमासिकमा ९८ जना (३९ प्रतिशत) बालबालिका बाल यौन दुर्व्यवहार तथा बलात्कारका घटनामा परेका छन् भने तेस्रो चौमासिकमा ८२ जना (३२ प्रतिशत) र दोस्रो चौमासिकमा ७२ जना (२९ प्रतिशत) बालबालिका बाल यौन दुर्व्यवहार तथा बलात्कारका घटनाबाट पीडित भएका देखिन्छन् । घटनालाई तुलना गर्दा बालक माथि भएका बाल यौन दुर्व्यवहारका घटना भन्दा बालिका माथि भएका बलात्कारका घटनाको संख्या बढी रहेको पाइएको छ । जसमा २३४ जना (९३ प्रतिशत) बालिका माथि बलात्कार भएको देखिन्छ भने १८ जना (७ प्रतिशत) बालकलाई यौन दुर्व्यवहार भएको छ । बालिका बलात्कार भएका घटनाहरु पहिलो चौमासिकमा ९७ जना, दोस्रोमा ६३ र तेस्रोमा ७४ जना गरी

जम्मा २३४ जना रहेका छन् । बलात्कारका घटनाहरुमध्ये सामूहिक बलात्कारबाट २६ जना (११ प्रतिशत) बालिका पीडित भएका छन् । जसमा पहिलो चौमासिकमा १२ जना, दोस्रोमा ७ र तेस्रो चौमासिकमा ७ जना रहेका छन् । उमेर समूहको आधारमा सबैभन्दा सानो ९ महिनाकी बालिका सर्लाहीमा छिमेकी १४ वर्षे बालकबाट बलात्कृत भएको पाइएको छ भने सबैभन्दा बढी संख्यामा ११ देखि १८ वर्ष उमेरका १६१ जना (६९ प्रतिशत), ६ देखि १० वर्ष उमेरका ४८ जना (२० प्रतिशत) तथा ५ वर्षभन्दा मुनिका २५ जना (११ प्रतिशत) बालिका बलात्कृत भएका छन् । यस्ता घटनाहरु ४२ जिल्लामा घटेको देखिएको छ । उल्लिखित घटनाहरुलाई विश्लेषण गर्दा सबैभन्दा बढी चिनजानको व्यक्तिबाट ७४ जना बालिका बलात्कार भएका छन् भने छिमेकीबाट ७२ जना, आफ्नै बुबा तथा हाडनाताबाट ३८ जना(आफ्नै बुबाबाट १९ जना), शिक्षक तथा प्रधानाध्यापक, सेना/प्रहरी तथा कर्मचारीबाट २७जना र घरेलु बाल श्रममा रहेका ६ जना र अन्यबाट १७ जना बालिका घर मालिकबाट बलात्कृत भएका छन् ।

| बलात्कारमा संलग्न व्यक्ति | पहिलो | दोस्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा |
|---|---|---|---|---|
| आफ्नै बुबा तथा हाडनाता | १७ | ८ | १३ | ३८ |
| प्रहरी, सेना, कर्मचारी शिक्षक तथा प्रधानाध्यापकबाट | १० | १० | ७ | २७ |
| छिमेकी | १९ | २५ | २८ | ७२ |
| घरेलु बालश्रम | ४ | ० | २ | ६ |
| चिनजान | ३६ | १७ | २१ | ७४ |
| अन्य | ११ | ३ | ३ | १७ |
| **जम्मा** | **९७** | **६३** | **७४** | **२३४** |

२३४ जना बालिका बलात्कृत भएका घटनाहरुमा पीडकका रुपमा १७२ जना व्यक्तिहरु रहेको देखिएको छ । उक्त मध्ये १८ वर्ष मुनिका ३१ बालकनै बलात्कारमा संलग्न भएका छन् भने ६० वर्ष माथिका२३ जना रहेको देखिन्छ । गत आ.व. २०७४/७५ मा २४३ जना बाल यौन दुर्व्यवहार र

बलात्कारमा परेका घटनाहरु प्रकाशनमा आएका थिए भने यस आ.व. मा सो संख्या २३४ रहेको छ।

## (ख) मृत्यु

यस आ.व.मा विभिन्न कारणले गर्दा २४१ जना बालबालिकाको मृत्यू भएको घटना प्रकाशनमा आएका छन् । चौमासिक अवधिको आधारमा हेर्दा सबैभन्दा बढी तेस्रो चौमासिकमा ११३ जना बालबालिकाको मृत्यु भएको देखिन्छ भने पहिलो चौमासिकमा ८३ र दोस्रो चौमासिकमा ४५ जना बालबालिकाको मृत्यु भएको जानकारीमा आएको छ ।

| | पहिलो | दोस्रो | तेस्रो |
|---|---|---|---|
| बालक | ४१ | २२ | ७१ |
| बालिका | ४१ | २२ | ३७ |
| शिशु | १ | १ | ५ |
| | ८३ | ४५ | ११३ |

उक्त मृत्यूका घटनालाई विश्लेषण गर्दा विषालु खानेकुरा (च्याउ, निगुरो) खाएर, आगलागि, चट्याङ, अस्पतालको लापरवाही आदि विविध कारणले गर्दा सबैभन्दा बढी ५२ जना (२२ प्रतिशत) बालबालिकाले ज्यान गुमाएका छन् भने सडक दुर्घटनामा परेर ४८ जना (२० प्रतिशत), नदी, पोखरीमा डुबेर वा बगेर ४६ जना (१९ प्रतिशत), बाढी पहिरोमा परी ३६ जना (१५ प्रतिशत), खाल्डोमा परेर २४ जना (१० प्रतिशत), करेन्ट लागेर २० जना (८ प्रतिशत) र सर्पकाटोकाइबाट १५ जना (६ प्रतिशत) बालबालिकाको मृत्यु भएकोछ ।



यस अवधिमा मृत्यु भएका बालबालिकाको संख्यालाई लैङ्गिक रुपमा हेर्दा बालिका १०० जना (४१ प्रतिशत) र बालक १३४ जना (५६ प्रतिशत) र शिशु ७ जना (३ प्रतिशत) रहेका छन् । त्यसैगरी उमेरगत समूहका आधारमा विश्लेषण गर्दा शिशुदेखि ५ वर्ष उमेरका ४६ जना (१९ प्रतिशत), ६ देखि १० वर्ष उमेरका ८२ जना (३४ प्रतिशत) र ११ देखि १८ वर्षका ११३ जना (४७ प्रतिशत) रहेका छन् ।आ.व. २०७४/७५ मा विभिन्न कारणले गर्दा २३१ जना बालबालिकाको मृत्यु भएको समाचार प्रकाशनमा आएको थियो भने यस आ.व. मा २४१ जना बालबालिकाको मृत्यु भएका घटना प्रकाशनमा आएका छन् ।

### (ग) बाल विवाह




सूचना र प्रविधिको विकाससँगै पछिल्लो समय उमेर नपुग्दै स्वयम् बालबालिकाले विवाह गर्ने प्रवृत्ति विभिन्न घटनाक्रमले देखाएको छ । नेपाल सरकारले बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२ लागू गरी सो सम्बन्धी विविध कार्यक्रम सञ्चालनमा ल्याएको छ । बाल विवाह विरुद्धका विभिन्न प्रयासहरु हुँदाहुँदै पनि बाल विवाहका घटनाहरुमा कमि भएको देखिँदैन ।यस अवधिमा विभिन्न ३४ जिल्लाहरुमा १३७ वटा बाल विवाहका घटनामा १९६ जना बालबालिकाले विवाह गरेको देखिन्छ । बाल विवाहका घटनालाई हेर्दा पहिलो चौमासिकमा ४६ बाल विवाहका घटनामा ५६

बालबालिका, दोस्रो चौमासिकमा ४९ घटनामा ३२ र तेस्रो चौमासिकमा ४२ वटा घटनामा ६८ जना बालबालिकाले बाल विवाह भएको देखिन्छ ।

बाल विवाहका घटनाहरुको वर्गीकरण गर्दा बालक र बालिका दुबै ११८ जना (५९ विवाह) ले उमेर नपुग्दै विवाह गरेको छन् भने १८ वर्ष भन्दा कम उमेरका २ बालिकाको विवाह ६० वर्ष भन्दा माथिका वृद्धसँग भएको देखिन्छ । साथै ७३ जना बालिकाको वयस्क पुरुषसँग विवाह भएको पाइएको छ । बाल विवाह भएका १९६ जनामध्ये अभिभावकद्वारा ७५ जना (३८ प्रतिशत) र आफू खुशी वा भागी विवाह/सामाजिक सञ्जाल र फेसबुक मार्फत उमेर नपुग्दै १२१ जना (६२ प्रतिशत) को बाल विवाह भएका घटनाहरु प्रकाशनमा आएका छन् । यसैगरी बाल विवाहलाई लैङ्गिक रुपमा विश्लेषण गर्दा बालक ५९ जना (३० प्रतिशत) र बालिका १३७ जना (७० प्रतिशत) रहेका छन् । साथै नेपाल प्रहरी र बालक्लबको सक्रियतामा २४ जना बालबालिकाको विवाह रोकिएको देखिन्छ । जिल्लागत रुपमा हेर्दा कालीकोट जिल्लामा सबैभन्दा बढी २६ जना बालबालिकाको बाल विवाह भएको घटना प्रकाशनमा आएको छ । जिल्लागत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छः—

| क्र.सं. | जिल्ला | बाल विवाह भएका बालबालिकाको संख्या | क्र.सं. | जिल्ला | बाल विवाह भएका बालबालिकाको संख्या |
|---|---|---|---|---|---|
| १ | कालिकोट | २६ | १८ | हुम्ला | ३ |
| २ | मकवानपुर | १९ | १९ | रुपन्देही | ३ |
| ३ | सुर्खेत | १८ | २० | मोरङ | ३ |
| ४ | म्याग्दी | १६ | २१ | रुकुम पूर्व | ३ |
| ५ | दाङ | १२ | २२ | झापा | २ |
| ६ | बाजुरा | १० | २३ | बैतडी | २ |
| ७ | मुगु | १० | २४ | खोटाङ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | रौतहट | ८ | २५ | दोलखा | २ |
| ९ | सल्यान | ८ | २६ | ओखलढुङ्गा | २ |
| १० | सिन्धुली | ६ | २७ | धादिङ | २ |
| ११ | बाँके | ५ | २८ | पाँचचर | २ |
| १२ | रुकुम पश्चिम | ५ | २९ | सुनसरी | १ |
| १३ | डोटी | ५ | ३० | नुवाकोट | १ |
| १४ | दैलेख | ४ | ३१ | उदयपुर | १ |
| १५ | बाजुरा | ४ | ३२ | सर्लाही | १ |
| १६ | कैलाली | ४ | ३३ | जाजरकोट | १ |
| १७ | रोल्पा | ४ | ३४ | अछाम | १ |
| **जम्मा** | | | | **१९६** | |

आ.व. २०७४/७५ मा १३६ बाल विवाह भएकोमा यस अवधिमा १३७ बाल विवाह भएका घटना प्रकाशनमा आएका छन् । यसबाट बाल विवाहको रोकथाममा सुधार हुन नसकेको देखिन्छ ।

## (घ) बाल श्रम

बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन निषेध गरेको छ । १४ वर्ष उमेर नपुगेका बालबालिकालाई भने कुनै पनि श्रममा लगाउन नहुने व्यवस्था गरेको छ ।बाल श्रम समाजको एक दुःखद् यथार्थता भएतापनि आ.व. २०७५/७६ मा बाल श्रम सम्बन्धी ११२ वटा घटनाहरु प्रकाशनमा आएका छन् । यस अवधिमा सबैभन्दा बढी दोस्रो चौमासिकमा ५८, तेस्रोमा ३४ जना र पहिलो चौमासिकमा २० जना बालबालिकालाई बाल श्रममा प्रयोग गरिएको देखिएको छ ।

बालबालिकालाई श्रममा प्रयोग गरेको प्रकृतिलाई हेर्दा घरेलु तथा होटल श्रमिकको रुपमा सबैभन्दा बढी ४५ जना (४० प्रतिशत) रहेको छ भने ईट्टा उद्योगमा श्रमिकको रुपमा २९ जना (२६ प्रतिशत), भारतमा काम गर्नेको संख्या १२ जना (११ प्रतिशत), पढाइ खर्च जुटाउन विभिन्न काम गर्ने १२ जना (११ प्रतिशत), जसमा राजमार्गमा लालीगुराँसको फूल र काफल बेच्ने, ढुंगा चलाउने, भारी बोक्ने लगायत रहेका छन् भनेलागू औषध ओसार पसारमा ६ जना (५ प्रतिशत), पर्यटक घोडामा घुमाउने, डुंगामा चालकको रुपमा तथा विवाह लगायत शुभ कार्यमा बाजा बजाउने ५ जना (४ प्रतिशत) र यातायातमा ३ जना बालबालिका संलग्न रहेको पाइएको छ । बाल श्रममा प्रयोग गरिएका बालबालिकालाई लैङ्गिक रुपमा विश्लेषण गर्दा बालक ९१ जना (८१ प्रतिशत) र बालिका २१ जना (१९ प्रतिशत) रहेका छन् । उमेर समूहका आधारमा १० वर्ष वा सो भन्दामुनिको ९ जना (८ प्रतिशत), ११ देखि १४ वर्षको ४३ जना (३८ प्रतिशत) र १५ देखि १८ वर्षको ६० जना (५४ प्रतिशत) रहेका छन् । आ.व. २०७४/७५ मा ३८४ वटा बाल श्रम सम्बन्धी घटना भएकोमा यस आ.व.मा ११२ वटा बाल श्रमका घटना प्रकाशनमा आएका छन् ।



## (ङ) बालबालिकाको बेचविखन तथा ओसार पसार

बालबालिकालाई विभिन्न प्रलोभनमा पारी बेचबिखन तथा ओसार पसार गर्ने घटना समाजमा रही रहेका छन् । यस अवधिमा विभिन्न सञ्चार माध्यममा प्रकाशित घटनाहरुलाई विश्लेषण गर्दा ९६ जना बालबालिका बेचबिखन तथा ओसार पसारमा परेका छन् । यस अवधिमा सबैभन्दा बढी तेस्रो चौमासिकमा ७७ जना बालबालिका बेचबिखन तथा ओसार पसारमा परेका छन् भने पहिलो चौमासिकमा १७ जना रहेका छन् । जसमा




५९ जना बालक र ३७ जना बालिका छन् । यस्ता घटनाहरुबाट प्रभावित बालबालिका मध्ये ७३ प्रतिशत अर्थात ७० जना बालबालिका अवैधरुपमा एक जिल्लाबाट अर्को जिल्लामा लैजाँदै गर्दा प्रहरीले पक्राउ गरेको घटना प्रकाशनमा आएको छ । १७ जना बालबालिकालाई भारतमा कामदार तथा अन्य प्रयोजनका लागि लगेको देखिन्छ र ९ जनालाई भारत तर्फ लागू औषध ओसार पसार गर्न गएको देखिन्छ ।

देशका विभिन्न १२ ओटा जिल्लाबाट बालबालिकालाई बेचविखन तथा ओसार पसारमा परेको समाचार प्रकाशनमा आएको छ । जिल्लागत रुपमा बालबालिकाको संख्यालाई तालिकामा प्रस्तुत गरिएको छः-

| क्र.सं. | जिल्ला | बेचविखन तथा ओसार पसार भएका बालबालिकाको संख्या | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | बाँके | ६ | १ | ७ |
| २ | सर्लाही | ४ | ० | ४ |
| ३ | कञ्चनपुर | ३ | ० | ३ |
| ४ | सप्तरी | ३ | ० | ३ |
| ५ | सिराहा | २ | ० | २ |

| | | | | |
|---|---|---|---|---|
| ६ | सुनसरी | २ | ० | २ |
| ७ | नवलपरासी | ० | १ | १ |
| ८ | दोलखा | १ | ० | १ |
| ९ | चितवन | २४ | ३५ | ५९ |
| १० | सुर्खेत | ४ | ० | ४ |
| ११ | दाङ | ८ | ० | ८ |
| १२ | बैतडी | २ | ० | २ |
| | **जम्मा** | **५९** | **३७** | **९६** |

माथि उल्लिखित घटनालाई हेर्दा भारतीय सिमासँग जोडिएका जिल्लामा बेचबिखन तथा ओसार पसार भएको पाइएको छ ।

## (च) हत्या




पछिल्लो समयमा बालबालिकालाई विभिन्न बहाना बनाई समाजमा हत्या गर्ने प्रचलन बढदै गएको पाइएको छ । बालबालिकालाई विभिन्न कारणले हत्या गरेका घटना सार्वजनिक भएका छन् । यस अवधिमा बालबालिका हत्याका ६५ वटा घटना सार्वजनिक भएका छन् । सबैभन्दा बढी पहिलो चौमासिकमा २४ वटा घटना भएका छन् भने तेस्रो चौमासिकमा २३ जना र दोस्रो चौमासिकमा १८ जना बालबालिकाको हत्या भएको छ । हत्या भएका बालबालिका मध्ये घरायसी कलहका कारण २७ जना (४१ प्रतिशत), अवैध सम्बन्धका कारण जन्मिएका २० जना (३१ प्रतिशत) को हत्या भएको छ । साथै सौतेनी आमा वा बाबुले गरेको हत्या १३ जना (२० प्रतिशत), र अपहरण पछि ५ जना (८ प्रतिशत) बालबालिकाको हत्या गरेको देखिन्छ ।हत्या भएका बालबालिकालाई लैङ्गिक रुपमा हेर्दा बालक २५ जना, बालिका २६ जना र शिशु १४ जना गरी ६५ जनाको हत्या भएको देखिन्छ ।

उमेरगत समूहलाई हेर्दा शिशु देखि ५ वर्ष २३ जना, ६ देखि १० वर्ष ३१ र ११ देखि १८ वर्ष ११ जना बालबालिकाको हत्या भएको देखिन्छ । बीमाबाट आउने पैसाको लोभले गर्दा बाबुले आफ्नै सन्तानको हत्या गरेको घटना समेत प्रकाशमा आएको देखिन्छ । रौतहटमा आफ्नै बुबाले ४ बर्षे छोरीको हत्या गरेको छ ।

### (छ) कुपोषण

विभिन्न जिल्लामा कुपोषित बालबालिकाको संख्या र बालबालिकाको स्वास्थ्य परीक्षण गर्दा उनीहरु कुनै न कुनै किसिमको कुपोषणको शिकार भएको पाइएको छ । यस अवधिमा कुपोषण सम्बन्धी ३८ वटा घटनाहरु प्रकाशनमा आएका छन् । कुपोषणका घटनालाई हेर्दा पहिलो र दोस्रो चौमासिकमा घटनाहरु प्रकाशमा आएका छैनन् भने तेस्रो चौमासिकमा ३८ घटनाहरु पाइएका छन् । कुपोषणबाट प्रभावित बालबालिका अन्तर्गत १६ जना बालक र २२ जना बालिका रहेका छन् । कुपोषणबाट प्रभावित हुनेहरुमा ११ जनामा गम्भीर कुपोषण र २७ जनामा उमेर अनुसार कम तौलको कुपोषण भएको देखिन्छ ।

### (ज) शारीरिक सजाय

विद्यालय तथा माध्यमिक विद्यालयहरुमा बालबालिकालाई विभिन्न खाले शारीरिक तथा मानसिक सजाय दिने गरेको पाइएको छ । यस अवधिमा विभिन्न सञ्चार माध्यममा ३७ वटा शारीरिक सजायका घटनाहरु सार्वजनिक भएका छन् । चौमासिकका आधारमा पहिलो चौमासिकमा ४ बालबालिकाले सजाय पाएको घटना, दोस्रो चौमासिकमा ७ र तेस्रो चौमासिकमा २६ वटा

घटना भएको देखिन्छ । तलको तालिकामा विद्यालयमा को, कसबाट शारीरिक सजाय दिइयो भन्ने विवरण प्रस्तुत गरिएको छः—

| कोबाट | संख्या | लैङ्गिक रुपमा | | पिटाइको अवस्था | | विद्यालयका आधारमा | | |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | | संख्या | | प्रकार | विद्यालय संख्या | पीडित |
| प्रधानाध्यापकबाट | ४ | बालक | २३ | सामान्य | १७ | सामुदायिक | ५ | २३ |
| शिक्षक पुरुष | ७ | बालिका | १४ | गम्भीर चोट | २० | संस्थागत | ११ | १४ |
| शिक्षक महिला | ४ | | | | | | | |

उल्लिखित सजायका घटनाहरुबाट बालक बढी मात्रामा पीडित भएको पाइन्छ । जस अन्तर्गत बालक २३जना र १४ जना बालिकाले सजाय पाएको देखिन्छ । शारीरिक सजाय दिनेहरुमा विद्यालय प्रधानाध्यापक (पुरुष) ४ जना, पुरुष शिक्षक ७ जना र महिला शिक्षक ४ जना छन् । शारीरिक सजाय दिनुपर्ने कारणहरुमा विद्यालय ढिलो आएको, साथीसँग झगडा गरेको, गृहकार्य नगरेको, पढाउँदा कानेखुशी गरेको आदि घटनाको निहुँमा भएको देखिन्छ । पिटाइ खाने बालबालिका मध्ये २० जना बालबालिकाले गम्भीर खाले चोट पाएका छन् । साथै शारीरिक सजाय पाउने १४ जना बालबालिका संस्थागत विद्यालयका छन् भने २३ जना सामुदायिक विद्यालयका रहेका छन् । शारीरिक सजाय दिने क्रममा कञ्चनपुर जिल्लामा एक जना ९ कक्षा पढ्ने बालकको मृत्यु भएको छ भने पर्सा जिल्लामा बालक वेहोस भइ अस्पतालको आइसियु कक्षमा समेत भर्ना भएको घटना प्रकाशमा आएको छ ।

## (झ) आत्महत्या

यस अवधिमा २७ जना बालबालिकाले आत्महत्या गरेका छन् । आत्महत्या गर्नेहरुमा २१ जना बालिका र ६ जना बालक रहेका छन् । उमेरगत रुपमा




१० देखि १८ वर्ष उमेरका बालबालिका रहेका छन् । सबैभन्दा बढी तेस्रो चौमासिकमा १७ जना बालबालिकाले आत्महत्या गरेका छन् भने पहिलो चौमासिकमा ७ जना र दोस्रो चौमासिकमा ३ जना बालबालिकाले आत्महत्या गरेका छन् ।उक्त बालबालिका मध्ये १६ जनाले घरायसी झगडाको कारण आत्महत्या गरेको पाइएको छ भने ५ जना बालिकाले विषादी सेवन गरेर र प्रेम सम्बन्धका कारण ६ जनाले आत्महत्या गरेका छन् । परीक्षामा राम्रो नतिजा ल्याउन नसकेका कारण, घरपरिवार र विद्यालयमा माया नपाएका जस्ता कारणले समेत सुसाइड नोट लेखेर बालबालिकाले आत्महत्या गर्ने गरेका घटनाहरु प्रकाशनमा आएका छन् ।

### (ञ) अपहरण

यस अवधिमा १२ जना बालबालिकाको अपहरण गरिएको घटनाहरु प्रकाशनमा आएका छन् । अपहरण गरिएका १२ बालबालिका मध्ये ५ जना बालबालिकाको अपहरणपछि हत्या गरिएको छ, अन्य ५ जनाको अपहरण पश्चात सकुशल उद्दार, संरक्षण गरिएको छ भने २ जनाको अवस्था जानकारीमा आएको छैन । अपहरण गर्नुका कारणहरुमा ६ जना फिरौती, ४ जना पारिवारिक रिसिबीको बदला र २ जना बालिकाले कानमा लगाएको सुनको मुन्द्रा लिनको लागि अपहरण गरिएको पाइएको छ । अपहरण परेका मध्ये २ जना बालिका र १० जना बालक रहेका छन् । उमेर समूहका आधारमा विश्लेषण गर्दा सबैभन्दा सानो २ वर्षको समेत गरी ३ जना १० वर्षमुनिका थिए

भने ११ वर्षदेखि १४ वर्षका ५ जना र सोभन्दा माथि ४ जना बालबालिका रहेका छन् ।

### (ट) गर्भपतन

कानूनले लिङ्ग पहिचानको आधारमा गर्भपतन गराउने उद्देश्यले भ्रूणको लिङ्ग पहिचान गराएमा गर्ने, गराउने दुवैलाई ६ महिनादेखि २ वर्षसम्म कैदको व्यवस्था गरेको छ । यसैगरी लिङ्गको आधारमा गर्भपतन गर्ने, गराउने दुवैलाई एक वर्ष कैद तोकेको छ । अवैध सम्बन्ध, गलत सामाजिक मूल्य मान्यता, छोराको चाहना अनि प्रविधिको गलत प्रयोगका कारण गर्भपतन गर्नेको क्रम बढेको देखिन्छ । यस अवधिमा जिल्लागत रुपमा गर्भपतनका धेरै घटनाहरु आएका भए तापनि ती सबै घटनाहरुमा गर्भपतन गराउनेको उमेर, कारण स्पष्टरुपमा नखुलेको हुँदा यस पत्रमा समावेश गर्न नसकिएता पनि प्रतिनिधि मूलक घटनाका रुपमा यस अवधिमा गर्भपतनका ४ वटा घटनाहरुलाई समेटिएको छ। जसमा १५ वर्षदेखि देखि १८ वर्षसम्मको ४ जना बालिकाले गर्भपतन गराएका छन् । गर्भपतन गराउनेमा कलेज पढ्ने अविवाहित बालिका रहेका छन् ।

### बालबालिका विरुद्ध जिल्ला तथा प्रदेशमा घटेका घटनासम्बन्धी विवरण

यस पत्रमा उल्लिखित बालबालिका विरुद्धका विभिन्न ११ वटा घटनाहरु सबै प्रदेशका ७३ जिल्लाहरुमा घटेको पाइएको छ ।

बालबालिका विरुद्ध घटेका घटनाबाट पीडित बालबालिकाको संख्यालाई निम्नानुसार उल्लेख गरिएको छः—

| क्र.सं. | जिल्ला | घटना संख्या | बालक | बालिका | शिशु | पीडित संख्या |
|---|---|---|---|---|---|---|
| | प्रदेश नं. १ | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ओखलढङ्गा | ८ | १ | ७ | ० | ८ |
| २ | खोटाङ | ५ | ३ | ४ | ० | ७ |
| ३ | तेह्रथम | १ | ० | १ | ० | १ |
| ४ | पाँचथर | १० | ४ | ७ | ० | ११ |
| ५ | इलाम | ७ | ० | ९ | ० | ९ |
| ६ | झापा | २७ | १४ | १२ | १ | २७ |
| ७ | मोरङ | २६ | १४ | २० | ० | ३४ |
| ८ | सनसरी | १६ | ३ | १२ | २ | १७ |
| ९ | उदयपर | २० | ७ | १४ | ० | २१ |
| १० | ताप्लेजङ्ग | ५ | १ | ४ | ० | ५ |
| ११ | संखवासभा | २ | १ | १ | ० | २ |
| १२ | धनकटा | १ | ० | ३ | ० | ३ |
| १३ | भोजपर | ३ | ३ | १ | ० | ४ |
| | **जम्मा** | **१३१** | **५१** | **९५** | **३** | **१४९** |
| | **प्रदेश नं. २** | | | | | |
| १ | सप्तरी | २३ | ३ | २३ | १ | २७ |
| २ | सिरहा | ९ | ५ | ७ | १ | १३ |
| ३ | धनषा | १५ | २० | १० | ० | ३० |
| ४ | महोत्तरी | १० | १५ | ७ | १ | २३ |
| ५ | सर्लाही | १३ | १४ | ८ | ० | २२ |
| ६ | रौतहट | १३ | ७ | १४ | २ | २३ |
| ७ | बारा | ११ | १८ | ५ | ० | २३ |
| ८ | पर्सा | २२ | १३ | १७ | १ | ३१ |
| | **जम्मा** | **११६** | **९५** | **९१** | **६** | **१९२** |
| | **प्रदेश नं. ३** | | | | | |
| १ | दोलखा | ५ | ३ | ४ | ० | ७ |
| २ | नवाकोट | ५ | १ | ४ | ० | ५ |
| ३ | सिन्धपाल्चोक | २ | २ | ० | ० | २ |
| ४ | धादिङ | ६ | २ | ५ | ० | ७ |
| ५ | काठमाडौं | २६ | २१ | ११ | २ | ३४ |
| ६ | भक्तपर | १४ | ८ | १२ | ० | २० |
| ७ | ललितपर | १४ | ४ | १३ | ० | १७ |
| ८ | काभ्रेपलाञ्चोक | ७ | ६ | ८ | ० | १४ |
| ९ | सिन्धली | ४ | ६ | १३ | ० | १९ |
| १० | मकवानपर | १९ | ८ | २० | ० | २८ |
| ११ | चितवन | १३ | २४ | ३५ | ० | ५९ |
| १२ | रामेछाप | २ | ० | १ | १ | २ |
| | **जम्मा** | **११७** | **८५** | **१२६** | **३** | **२१४** |
| | **गण्डकी प्रदेश** | | | | | |
| १ | गोरखा | ५ | ४ | २ | ० | ६ |
| २ | म्यागदी | ३ | १ | २ | ० | ३ |
| ३ | कास्की | ७ | ४ | ३ | १ | ८ |
| ४ | लमजङ | ५ | ३ | १ | १ | ५ |
| ५ | तनहुँ | ७ | ६ | ३ | ० | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | नवलपरासी ((बर्दघाट सस्ता | २ | १ | १ | ० | २ |
| ७ | स्याङजा | ८ | ० | ८ | १ | ९ |
| ८ | पर्वत | १० | ४ | १० | ० | १४ |
| ९ | बागलङ | ३ | २ | १ | ० | ३ |
| १० | मस्ताङ | ३ | ८ | १० | ० | १८ |
| | **जम्मा** | **५३** | **३३** | **४१** | **३** | **७७** |
| | **प्रदेश नं. ५** | | | | | |
| १ | रुकम (पर्व भाग) | ५ | १ | ६ | ० | ७ |
| २ | रोल्पा | १२ | ७ | १८ | ० | २५ |
| ३ | कपिलवस्त | ३ | १ | २ | १ | ४ |
| ४ | प्यठान | १ | १ | ० | ० | १ |
| ५ | गल्मी | ७ | १० | १२ | ० | २२ |
| ६ | अर्घाखाँची | ८ | २ | ६ | ० | ८ |
| ७ | पाल्पा | १० | २ | १२ | १ | १५ |
| ८ | नवलपरासी (बर्दघाट सस्ता | ८ | १ | ८ | ० | ९ |
| ९ | रुपन्देही | ११ | ४ | १२ | ० | १६ |
| १० | दाङ | १५ | १४ | १९ | ० | ३३ |
| ११ | बाँके | १३ | १५ | २५ | ० | ४० |
| १२ | बर्दिया | ३ | ५ | १ | ० | ६ |
| | **जम्मा** | **९६** | **६३** | **१२१** | **२** | **१८६** |
| | **कर्णाली प्रदेश** | | | | | |
| १ | जम्ला | ४ | ४ | ३ | ० | ७ |
| २ | दैलेख | ६ | ६ | २ | ० | ८ |
| ३ | जाजरकोट | ७ | ९ | ४ | ० | १३ |
| ४ | रुकम (पश्चिम भाग) | ८ | २ | १२ | ० | १४ |
| ५ | सल्यान | १० | ७ | ९ | २ | १८ |
| ६ | सर्खेत | १८ | ८ | २१ | ० | २९ |
| ७ | कालिकोट | ४ | २ | २८ | ० | ३० |
| ८ | मग | ७ | ३ | ८ | ० | ११ |
| ९ | हम्ला | १ | १ | २ | ० | ३ |
| | **जम्मा** | **६५** | **४२** | **८९** | **२** | **१३३** |
| | **सदरपश्चिम प्रदेश** | | | | | |
| १ | बाजरा | ९ | १५ | १४ | ० | २९ |
| २ | बझाङ | ४ | २ | २ | ० | ४ |
| ३ | बैतडी | ५ | ४ | ३ | ० | ७ |
| ४ | डँडेलधरा | ४ | २ | २ | ० | ४ |
| ५ | डोटी | १३ | २६ | १० | ० | ३६ |
| ६ | अछाम | १० | ६ | ६ | १ | १३ |
| ७ | कैलाली | १३ | ११ | ७ | ० | १८ |
| ८ | कञ्चनपर | ६ | १ | ७ | ० | ८ |
| ९ | दार्चला | ४ | २ | ४ | १ | ७ |
| | **जम्मा** | **६८** | **६९** | **५५** | **२** | **१२६** |
| | **कल जम्मा** | **६४९** | **४३८** | **६१८** | **२१** | **१०७७** |
| | **भारतमा** | ३ | ३ | ० | ० | **३** |

यस अवधिमा ६५४ घटनाहरु मध्ये सबैभन्दा बढी प्रदेश नं. १ मा १३१ वटा घटना भएका छन् भने सबैभन्दा कम गण्डकी प्रदेशमा ५३ वटा घटना भएका छन् । अन्य प्रदेशहरुमा प्रदेश नं. ३ मा ११७ वटा, प्रदेश नं. २ मा ११६ वटा, प्रदेश नं. ५ मा ९६ वटा, सुदूरपश्चिम मा ६८ वटा र कर्णाली प्रदेशमा ६५ वटा घटनाहरु घटेको देखिन्छ । उल्लिखित तालिकाका आधारमा प्रदेश नं. १ मा बढी घटना घटेको भएतापनि प्रभावित बालबालिका संख्या प्रदेश नं. ३ मा सबैभन्दा बढी २१४ जना प्रभावित भएका छन् भने सबैभन्दा कम गण्डकी प्रदेशमा ७७ जना बालबालिका रहेका छन् । बालबालिका पीडित भएको संख्यालाई हेर्दा सबैभन्दा बढी चितवनमा ५९ जना बालबालिका प्रभावित भएका छन् भने बाँकेमा ४०, डोटीमा ३६ तथा काठमाडौं र मोरङमा ३४/३४ जना रहेका छन् ।